**<u>सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३</u>**

प्रमाणीकरण मिति :
२०८३।३।२५

## संवत् २०८३ सालको ऐन नं. ०४

## <u>सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u> :** सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ मा संशोधन</u> :** सार्वजनिक खरिद ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) र (च) को सट्टा देहायका खण्ड (ग) र (च) राखिएका छन् :-

"(ग) "मालसामान" भन्नाले चल वा अचल, सजीव वा निर्जीव, मूर्त वा अमूर्त जुनसुकै किसिमको वस्तु सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तु आपूर्ति गर्ने

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

कार्यको आनुषङ्गिक सेवालाई समेत जनाउँछ।

(च) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने, विज्ञापन गर्ने, सुरक्षा सेवा लिने, सरसफाइ सेवा लिने, हवाई टिकट लिने, पूर्वाधार व्यवस्थापन, सञ्चालन तथा मर्मत गर्ने लगायत परामर्श सेवामा नसमेटिएका अन्य गैर परामर्श सेवाहरू सम्झनु पर्छ।"

(२) खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छ:-

"(न१) "स्वदेशी मालसामान" भन्नाले स्वदेशी श्रम र कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको कम्तीमा तिस प्रतिशत मूल्य बराबरको हिस्सा अभिवृद्धि हुने गरी स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ भएका मालसामानलाई स्वदेशी मालसामान मानिने छैन।"

३. **<u>मूल ऐनमा दफा ४क. थप</u> :** मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएको छ:-

"**४क. <u>पूर्वतयारी गर्नु पर्ने</u> :** (१) सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुवर्षीय सम्झौताबमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट व्यवस्था भई अन्य वर्षको लागि स्रोत सुनिश्चित भएपछि खरिद कारबाही सुरु गर्न सकिनेछ।

(३) सार्वजनिक निकायले देहायबमोजिम नभई बोलपत्र आह्वान गर्नु हुँदैन:-

(क) निर्माण स्थलको व्यवस्था,

(ख) निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता, र

(घ) प्रचलित कानूनबमोजिम गर्नु पर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत।

४. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u> :** मूल ऐनको दफा ५ को उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख), (१ग) र (१घ) थपिएका छन्:-

"(१क) उपदफा (१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्स अनुसार गर्नु पर्नेछ।

तर त्यस्तो नर्म्स बमोजिम काम गर्दै जाँदा खास कामको लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाउनु पर्नेछ। यसरी तयार भएको नर्म्स सम्बन्धित विभागीय प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१ख) परामर्श सेवा वा अन्य सेवाको लागत अनुमान तयार गर्दा दफा (२) को खण्ड (ख) को उपखण्ड (१) को हकमा सम्बन्धित मन्त्रालयबाट र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गरेको नर्म्सबमोजिम गर्नु पर्नेछ।

(१ग) उपदफा (१क) र (१ख) बमोजिम तयार भएको नर्म्स सार्वजनिक खरिद अनुगमन कार्यालयमा अभिलेख तथा प्रकाशनको लागि पठाउनु पर्नेछ।

(१घ) उपदफा (१क) र (१ख) बमोजिम नर्म्स स्वीकृत भई लागु नभएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नर्म्स अनुसार लागत अनुमान तयार गर्न बाधा पर्ने छैन।"

**५. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> :** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) यस ऐनबमोजिम गरिएको खरिद सम्झौता बमोजिमको कार्यको नियमित सुपरिवेक्षण र अनुगमन गर्नु गराउनु तथा सम्झौताको सर्तहरूको परिपालना गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुनेछ।"

(२) उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन् :-

"(६क) खरिद कार्यको सम्झौतामा उल्लेख गरिए बमोजिमको स्पेसिफिकेसन तथा मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्धारित परिमाणको कार्य निर्धारित समयमा सम्पन्न गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकको हुनेछ।

(६ख) यस ऐनबमोजिम गरिने खरिद कार्यको लागि डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्न नियुक्त गरिएको परामर्शदाताले डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्दा सुरक्षित, व्यावहारिक, मितव्ययी, कार्यान्वयनयोग्य र आर्थिक रूपमा औचित्यपूर्ण हुने गरी तयार गर्नु पर्नेछ र सोको प्राविधिक तथा आर्थिक औचित्यता सम्बन्धी मुख्य जिम्मेवारी सम्बन्धित परामर्शदाताको हुनेछ।"

६. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u> :** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (११) थपिएको छ :-

"(११) कबुल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधिबाट।,

<u>स्पष्टीकरण</u> : यस उपखण्डको प्रयोजनको लागि "कबुल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधि" भन्नाले सार्वजनिक निकायको लागत अनुमानलाई अधिकतम रकम मानी सो रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवा प्रदायकलाई निश्चित अवधि उपलब्ध गराउने र सो अवधिमा सबैभन्दा कम अङ्क कबुल गर्ने बोलपत्रदाता वा सेवा प्रदायक छनोट गर्ने विधि सम्झनु पर्छ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) तोकिएको रकमसम्मको लागत अनुमान भएको खरिद कार्यमा उपदफा (१) को खण्ड (क) को उपखण्ड (११) बमोजिम कबुल

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा देहायबमोजिम हुने गरी खरिद गर्न हुँदैन :-

(क) एक आपसमा अन्तर सम्बन्धित भई सम्पूर्ण आयोजना वा मालसामान परीक्षण गरेर मात्र स्वीकार गर्नुपर्ने अवस्थामा बाहेक प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठुला ठुला प्याकेज बनाई, वा

(ख) प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (७), (८), (९), (१०) र (११)



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिमका खरिद विधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

७. **<u>मूल ऐनको दफा १० मा संशोधन</u> :** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेसागत र प्राविधिक योग्यता, उपकरणको उपलब्धता, विगतको कार्य सम्पादनस्तर, प्राविधिक र आर्थिक क्षमता (बिड क्यापासिटी), बिक्री पछिको सेवाको व्यवस्था, जगेडा पाटपूर्जाको उपलब्धता, कानूनी सक्षमता, वित्तीय स्रोत र अवस्था, पेशागत कसुर गरे बापतको सजाय र यस्तै अन्य आधारहरू उल्लेख गर्न सकिनेछ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता गणना गर्दा बोलपत्र पेस गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनुभन्दा अघि कायम रहेका कम्पनी वा फर्मको योग्यतालाई

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

एकीकरण भई कायम भएको फर्म वा कम्पनीको योग्यतामा गणना गरिनेछ।

(२ख) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता निर्धारण गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्यको हकमा तोकिएबमोजिम प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्न सकिनेछ।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको खरिदमा योग्यता निर्धारण गरिने छैन।"

८. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u> :** मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन् :-

"(४) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक नपर्ने किसिमको मालसामान वा अन्य सेवा खरिद वा तोकिएको रकमभन्दा कमको निर्माण कार्यको खरिद गर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्ने एक खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा अन्य सेवा वा तोकिएको रकमभन्दा बढीको निर्माण कार्यको खरिदमा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा पेस गर्ने दुई खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम बोलपत्र आह्वान तथा मूल्याङ्कन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

९. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u> :** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ढ४) पछि देहायका खण्ड (ढ५) र (ढ६) थपिएका छन्:-

"(ढ५) बोलपत्रदाताको विगतका खरिद सम्झौताहरूको कार्य सम्पादन स्तर प्रमाणित गर्न कागजात पेस गर्नुपर्ने भएमा सोसम्बन्धी ब्यहोरा,

(ढ६) मालसामान खरिदको हकमा सञ्चालन तथा मर्मत सम्भार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

खर्च, पुनः बिक्री मूल्य तथा निसर्ग (डिस्पोजल) को खर्च प्रमाणित गर्ने कागजात पेस गर्नुपर्ने भएमा सोसम्बन्धी ब्यहोरा,

(ख) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) एकै खाममा माग गरिने भए प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्नुपर्ने ब्यहोरा र दुई खाममा माग गरिने भएमा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टा छुट्टै खामलाई पुनः अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेस गर्नुपर्ने ब्यहोरा ।"

(ग) खण्ड (ध) पछि देहायका खण्ड (न) र (प) थपिएका छन् :-

"(न) निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने तथा त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने विषय,

(प) योग्यताका आधारको लागि अङ्कभार निर्धारण गरिएको अवस्थामा प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार।"

(२) उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१०. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u> :** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सम्बन्धित सार्वजनिक निकायको सूचनापाटीमा समेत राख्नु पर्नेछ।"

(३) उपदफा (४) मा रहेका "कम्तीमा तिस दिन" भन्ने शब्दहरूको सट्टा "कम्तीमा एक्काइस दिन"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भन्ने शब्दहरू र "कम्तीमा पैंतालीस दिनको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा तिस दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (४क) मा रहेका "कम्तीमा पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "कम्तीमा सात दिन" भन्ने शब्दहरू र "कम्तीमा एक्काइस दिनको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पन्ध्र दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (४ख) मा रहेका "सात दिनसम्मको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा तीन दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपदफा (८) पछि देहायको उपदफा (८क) थपिएको छ :-

"(८क) सार्वजनिक निकायले खरिद गर्दा स्वदेशी मालसामानलाई तोकिएबमोजिम प्राथमिकता दिनु पर्नेछ। त्यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

११. **<u>मूल ऐनको दफा २५ मा संशोधन</u> :** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ।"

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन्:-

"(५क) एक खाम प्रणाली अवलम्बन गरिएको अवस्थामा दफा २३ बमोजिम बोलपत्र परीक्षणमा योग्य भएका बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५ख) उपदफा (५क) बमोजिम निर्धारण गरिएको बोलपत्र पेस गर्ने बोलपत्रदाताको योग्यता बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्याङ्कनका आधार अनुरूप भए नभएको जाँच गर्नु पर्नेछ।"

(३) उपदफा (६) र (७) को सट्टा देहायका उपदफा (६) र (७) राखिएका छन्:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(६) दुई खाममा बोलपत्र माग गरिएको खरिदमा पहिला प्राविधिक प्रस्तावको खाम खोली उपदफा (५) बमोजिम उक्त प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम गरिएको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल हुने सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्नु पर्नेछ।"

(४) उपदफा (७) पछि देहायका उपदफा (७क) र (७ख) थपिएका छन्:-

"(७क) उपदफा (७) बमोजिम आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(७ख) यस दफाबमोजिम मूल्याङ्कन गर्दा स्वीकृत लागत अनुमानको तिस प्रतिशतभन्दा बढी घटेर कबुल गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ:-

"(८) मूल्याङ्कन समितिले यस दफा बमोजिम गरिएको मूल्याङ्कनको आधार, तरिका र छनोटको कारण समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकायसमक्ष पेस गर्नु पर्नेछ।"

(६) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ:-

"(९) प्राविधिक र आर्थिक प्रस्तावलाई अङ्कभार छुट्याएर बोलपत्र आह्वान गरिएको अवस्थामा तोकिएबमोजिम मूल्याङ्कन गरी लागत अनुमान भन्दा सारभूतरूपमा बढी बोल अङ्क कबुल नगरेको उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र निर्धारण गर्नु पर्नेछ।"

१२. <u>मूल ऐनको दफा २६ मा संशोधन</u> : मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम बोलपत्र निर्धारण गर्दा सबै बोलपत्रदाताको बोलपत्रको बोल अङ्क

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा,”

(२) उपदफा (१ख) पछि देहायका उपदफा (१ग) र (१घ) थपिएका छन्:-

“(१ग) उपदफा (१) र (१क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएको अवस्थामा सार्वजनिक निकायले त्यस्तो बोलपत्रदातासँग वार्ता गरेर बोल अङ्क घटाई स्वीकृत लागत अनुमानभित्र पार्नका लागि एकमुस्ट छुट प्रतिशतमा सहमति गरी खरिद कारबाही अघि बढाउन सक्नेछ।

(१घ) उपदफा (१ग) बमोजिम वार्ताबाट कायम गरिएको एकमुस्ट छुट प्रतिशतका आधारमा बोल अङ्क घटाउने सहमति गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित स्पेशिफिकेसनमा संशोधन तथा गुणस्तरमा कमी हुने गरी कुनै सहमति गर्न पाइने छैन।"

**१३. <u>मूल ऐनको दफा २७ मा संशोधन</u> :** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) सार्वजनिक निकायले दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम निर्धारित बोलपत्र मात्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले औसत अङ्कसँग बराबर हुने गरी बोल अङ्क कबुल गरेमा वा सोही दफाको उपदफा (९) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले बराबर उच्चतम अङ्क प्राप्त गरेमा गोलाप्रथाबाट बोलपत्र स्वीकृतिको लागि छनोट गरिनेछ।

(१ख) दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले कबुल गरेको अङ्क औसत अङ्कभन्दा कम वा बढी हुने गरी समान रूपले नजिक भएमा औसत अङ्कभन्दा कम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (१), (१क) वा (१ख) बमोजिम " भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (४), (५) र (६) को सट्टा देहायका उपदफा (४), (५) र (६) राखिएका छन्:-

"(४) उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ। यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले कबुल गरेको अङ्कको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (३) को अवधिभित्र कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा सोभन्दा लगत्तै पछिको अर्को औसत अङ्कसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र स्वीकृत गरी र सोही दफाको उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको बोलपत्रदाता पनि कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा त्यस पछिको औसत रकमसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र क्रमशः स्वीकृत गरी र सोही दफाको उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र क्रमशः स्वीकृत गरी यस दफाबमोजिम खरिद सम्झौता गर्न सूचना दिनु पर्नेछ।"

१४. <u>मूल ऐनको दफा ३० मा संशोधन</u> : मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) को अन्त्यमा देहायका प्रतिबन्धात्मक वाक्यांश थपिएका छन् :-

"तर,-

(क) तोकिएको रकमभन्दा कम रकमको परामर्श सेवा खरिद गर्नुपर्दा तोकिए

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिमको अवधि दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

(ख) विद्युतीय खरिद प्रणालीमार्फत आशयपत्र माग गरिएको अवस्थामा विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट सूचना प्रकाशन गर्नु पर्नेछैन।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणालीमार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सम्बन्धित सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।"

१५. **<u>मूल ऐनको दफा ३६ मा संशोधन</u> :** मूल ऐनको दफा ३६ को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान र उपलब्ध बजेटभन्दा छनोट भएको प्रस्तावदाताको कबुल रकम सारभूतरूपमा बढी भएको अवस्थामा निजपछि क्रमशः कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबुल रकम लागत अनुमान र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा सम्पूर्ण खरिद कारबाही रद्द नगरी निजलाई छनोट गरी स्वीकृत गर्न बाधा पर्नेछैन।"

१६. **मूल ऐनको दफा ३८ मा संशोधन :** मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन् :-

"(३) उपदफा (२) बमोजिम सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनोट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता सम्झौता गर्न उपस्थित भएमा दफा ५२ बमोजिमको सम्झौता गर्नु पर्नेछ। यसरी कार्यसम्पादन जमानत दाखिला गर्दा परामर्शदाताले आर्थिक प्रस्तावमा कबुल गरेको कबुल अङ्कको पाँच प्रतिशत कार्यसम्पादन जमानत दाखिला गर्नु पर्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन्:-

"(५) उपदफा (३) को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता उपस्थित नभएमा सार्वजनिक निकायले दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रस्तावदाताको हकमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने र सोही उपदफाको खण्ड (घ) को हकमा सबैभन्दा कम लागत भएको अर्को प्रस्तावदातासँग क्रमैसँग दफा ३७ बमोजिम वार्ता गरी सम्झौता गर्नु पर्नेछ।

(६) ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तिस दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई नि: सर्त भुक्तानी हुने पेशागत दायित्व बिमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेस गर्नु पर्नेछ।

(७) पेशागत दायित्व बिमासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

१७. **<u>मूल ऐनको दफा ४० मा संशोधन</u>** : मूल ऐनको दफा ४० को,-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) उपदफा (३) मा रहेका "पन्ध्र दिनको" भन्ने शब्दहरूको सट्टा "सात दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"

**१८.** **<u>मूल ऐनको दफा ४१ मा संशोधन</u> :** मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेको "साविकको" भन्ने शब्द पछि "वा आधिकारिक" भन्ने शब्दहरू थपिएका छन्।"

(२) उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड (छ), (ज) र (झ) थपिएका छन् :-

"(छ) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम नेपालले आतिथ्यता गर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन, सेमिनार वा बैठक आयोजनाका लागि आवश्यक खरिद गर्नु परेमा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ज) सार्वजनिक निकाय पक्ष वा विपक्ष भएको विवाद वा मुद्दामा नेपाल बाहिर हुने विवाद समाधान प्रक्रियामा सार्वजनिक निकायको तर्फबाट बहस पैरवी वा परामर्श गर्न आवश्यक विशेषज्ञ वा कानून व्यवसायी नियुक्त गर्नु परेमा,

(झ) राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमणसम्बन्धी खरिद कार्य गर्नु परेमा।”

(३) उपदफा (२) मा रहेको "खण्ड (ख)" भन्ने शब्दहरू पछि ", (ग)," भन्ने शब्द थपिएको छ।

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सचिव वा सो सरहको कार्यालय प्रमुखको निर्णयबमोजिम र अन्य सार्वजनिक निकायको हकमा सर्वोच्च कार्यकारी निकायको निर्णयबमोजिम सोझै खरिद गर्न सकिनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१९. **<u>मूल ऐनमा दफा ४१क. थप</u> :** मूल ऐनको दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छ :-

"४१क. **<u>सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्था</u> :** (१) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिए बमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिनेछ।

(२) उत्पादक, आपूर्तिकर्ता तथा सेवा प्रदायकले उपदफा (१) मा उल्लिखित प्रणालीमा आफ्नो उत्पादन तथा सेवाका विवरण मूल्य सहित प्रकाशन गर्नु पर्नेछ।

(३) ई-मार्केटप्लेस प्रणालीमा मालसामान तथा सेवाका विवरण प्रकाशन गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।"

२०. **<u>मूल ऐनमा दफा ४२क थप</u> :** मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क थपिएको छ :-

"४२क. **<u>खरिदसम्बन्धी विशेष व्यवस्था</u> :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि सार्वजनिक निकायले मल, औषधि

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वा मुलुकलाई अत्यावश्यक पर्ने त्यस्तै प्रकृतिका विषय खरिद गर्दा देहायका कुरामा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको कार्यविधिबमोजिम गर्नु पर्नेछ :-

(क) लागत अनुमान र सोको स्वीकृति,

(ख) मूल्यवृद्धि,

(ग) बोलपत्रदाताको योग्यता,

(घ) बोलपत्रको दाखिला, र

(ङ) खरिद सम्झौतामा उल्लेख गरिने विषय।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यविधिमा उल्लेख भए बाहेकका अन्य कार्यप्रक्रिया यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ। "

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२१. **<u>मूल ऐनमा दफा ४३क. थप</u> :** मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छ :-

"**४३क. <u>जग्गा खरिद गर्ने सम्बन्धी व्यवस्था</u> :** सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको

लागि जग्गा खरिद गर्नुपर्ने भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई खरिद गर्न सक्नेछ।

तर सार्वजनिक हितको लागि सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।"

२२. **<u>मूल ऐनको दफा ४४ मा संशोधन</u> :** मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

"४४. **<u>उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउन सकिने</u> :** (१) तोकिएबमोजिम लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिनेछ :-

(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने,

(ख) मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने प्रकृतिको कार्य,

(ग) स्थानीय स्रोत, साधन र सिप उपयोग गरी कार्यसम्पादन हुने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) निर्माण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सृजना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, वा

(ङ) निर्माण पश्चात्को आयोजनाको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुनसक्ने।

(२) उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुने कार्यमा रोजगारी सृजना हुने गरी तालिम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गर्ने कार्यविधि र उपदफा (२) बमोजिम तालिम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"

२३. **मूल ऐनको दफा ४५ मा संशोधन :** मूल ऐनको दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(१) सार्वजनिक निकायले देहायको अवस्थामा अमानतबाट काम गर्न वा गराउन सक्नेछ :-

(क) लागत अनुमान तयार गर्न कठिन हुने सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाइ जस्ता कार्य,

(ख) विद्यमान सेवा सञ्चालनमा बाधा नपुग्ने गरी सो सञ्चालनसँग जानकार व्यक्तिहरूबाट नै गर्नु गराउनु पर्ने कार्य,

(ग) विशेष परिस्थिति सृजना भई तत्काल गर्नुपर्ने कार्य,

(घ) जोखिमपूर्ण तथा सुरक्षाको दृष्टिकोणबाट संवेदनशील कार्य, वा

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू।"

२४. **मूल ऐनको दफा ५० मा संशोधन :** मूल ऐनको दफा ५० को,-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) उपदफा (१) रहेका “दफा ४८” भन्ने शब्दहरूको सट्टा “दफा ४९” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएका छन् :-

"(५क) उपदफा (५) बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्नेछ।

(५ख) सम्बन्धित सार्वजनिक निकायको सम्बन्धित पदाधिकारीले उपदफा (५क) बमोजिम निर्णय कार्यान्वयन नगरेमा दफा ४९ बमोजिम निवेदन दिने बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिन सक्नेछ।

(५ग) उपदफा (५ख) बमोजिम निवेदन दर्ता भएमा सो सम्बन्धमा जाँचबुझ गरी कार्यान्वयन भएको नपाइएमा सार्वजनिक खरिद पुनरावलोकन समितिले त्यस्ता पदाधिकारीउपर प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियारप्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२५. **<u>मूल ऐनको दफा ५२क. मा संशोधन</u> :** मूल ऐनको दफा ५२क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण कार्यका हकमा निर्माण कार्य सुरु गर्न आवश्यक पर्ने निर्माणस्थल तयारी, अस्थायी क्याम्प, कामदारको व्यवस्था तथा कामदार आवास गृह निर्माण, मेसिन उपकरण व्यवस्थापन जस्ता कार्यका लागि र मालसामान आपूर्ति र परामर्श सेवाको हकमा आवश्यकता र औचित्य हेरी आपूर्तिकर्ता, निर्माण व्यावसायी वा सेवा प्रदायकलाई अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बढीमा बिस प्रतिशतसम्म मोबिलाइजेसन पेश्की दिन सक्नेछ। त्यसरी मोबिलाइजेसन पेश्की दिनुअघि सार्वजनिक निकायले मुख्य क्रियाकलाप र सोको कार्यतालिका माग गर्नु पर्नेछ।"

२६. **<u>मूल ऐनमा दफा ५२ख, ५२ग. र ५२घ. थप</u> :** मूल ऐनको दफा ५२क पछि देहायका दफा ५२ख., ५२ग. र ५२घ. थपिएका छन् :-

"**५२ख. <u>सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी व्यवस्था</u> :** (१) खरिद सम्झौतामा सामाजिक सुरक्षा कोषमा आबद्धता गर्ने सम्बन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ।

(२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवाप्रदायकले खरिद सम्झौताअनुसार कार्य गर्दा सो कार्यमा संलग्न श्रमिक, कर्मचारी वा अन्य जनशक्तिलाई प्रचलित कानूनबमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित श्रमिक, कर्मचारी वा जनशक्तिको पारिश्रमिक, सुविधा तथा अन्य भुक्तानी बैङ्क वा वित्तीय संस्थामार्फत सम्बन्धित व्यक्तिको खातामा उपलब्ध गराउनु तथा गैर नेपाली जनशक्तिको हकमा प्रचलित कानूनबमोजिम आवश्यक श्रम स्वीकृति प्राप्त भएको सुनिश्चित गर्नु सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकको दायित्व हुनेछ।

**५२ग.** **<u>सब-कन्ट्रयाक्टर, सहायक आपूर्तिकर्ता तथा सहायक सेवा प्रदायक सम्बन्धी व्यवस्था</u> :** (१) यस ऐनबमोजिम खरिद सम्झौता गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले सम्झौता बमोजिमको कार्य गर्ने सिलसिलामा कुनै सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्था नियुक्त वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

संलग्न गराउनु अघि त्यस्तो व्यक्ति वा संस्थाबाट गराइने कामको प्रकृति, दायरा र जिम्मेवारी स्पष्ट खुलाई सम्बन्धित सार्वजनिक निकायलाई पूर्व सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संलग्न गराइने सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थासँग निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले कामको दायरा, जिम्मेवारी, गुणस्तर, अवधि, भुक्तानी, सुरक्षा, श्रमसम्बन्धी दायित्व तथा कार्यसम्पादन सम्बन्धी सर्त स्पष्ट खुलाई लिखित सम्झौता गर्नु पर्नेछ।

(३) सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थासँग उपदफा (२) बमोजिम सम्झौता गरेको कारणले मुख्य निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायक खरिद सम्झौता बमोजिमको दायित्वबाट उन्मुक्ति भएको मानिने छैन।

(४) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्त बमोजिम गरेको भुक्तानीको विवरण सार्वजनिक निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्र्याक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्तबमोजिम भुक्तानी गरेको नपाइएमा सार्वजनिक निकायले सब-कन्ट्र्याक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थाले भुक्तानी पाउनु पर्ने रकम यकिन गरी कार्य सम्पादन जमानत जफत गरेर वा रिटेन्सन मनी वा निजले पाउनु पर्ने अन्य रकमबाट भुक्तानी गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम सम्झौता गरिएका सब-कन्ट्र्याक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवाप्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सार्वजनिक निकायबाट कुनै पनि अनुभवको प्रमाणपत्र प्रदान गरिने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर खरिद सम्झौतामा उल्लिखित कार्यको केही अंश सम्पादन गर्ने गरी सार्वजनिक निकायको अनुमति लिएर नियुक्त गरिएको सब-कन्ट्र्याक्टरलाई निजले सम्पादन गरेको कार्यको मात्र अनुभवको प्रमाण पत्र प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपदफा (१) बमोजिम पूर्व सूचना नदिई तथा उपदफा (२) बमोजिम सम्झौता नगरी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने सिलसिलामा कुनै व्यक्ति वा संस्थालाई संलग्न गराइएको पाइएमा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकलाई प्रचलित कानून तथा खरिद सम्झौताको सर्तबमोजिम कारबाही गरिनेछ।

(८) यस दफामा उल्लिखित ब्यहोरा सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

**५२घ.** <u>**खरिद सम्झौताका सर्त विपरीत हुने गरी दबाब दिन नहुने वा अधिकार परित्याग गराउन नहुने**</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, बोलपत्रसम्बन्धी कागजात वा खरिद सम्झौतामा भएका व्यवस्था विपरीत हुने गरी सम्झौताबाट प्राप्त

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वैधानिक वा करारगत अधिकार परित्याग गर्न, सीमित गर्न वा सोसम्बन्धी कुनै प्रतिबद्धता, मञ्जुरीनामा, सर्त वा कागजातमा हस्ताक्षर गर्न बाध्य गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत दबाब, डर, कारबाहीको धम्की, भुक्तानी रोक्का, म्याद थप रोक्का वा अन्य कुनै तरिकाबाट गराइएको अधिकार परित्याग, मञ्जुरीनामा, प्रतिबद्धता वा सर्त अमान्य हुनेछ र त्यस्तो कागजातको आधारमा खरिद सम्झौताबमोजिम प्राप्त अधिकारबाट सम्बन्धित पक्ष वञ्चित भएको मानिने छैन।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा खरिद सम्झौताका सर्तको प्रतिकूल हुने गरी कुनै परिपत्र, निर्देशन, निर्णय, प्रतिवेदन वा पत्राचारबाट करारगत अधिकार सीमित गर्न वा निषेध गर्न सकिने छैन।

(४) उपदफा (१), (२) वा (३) विपरीत कार्य गरेको पाइएमा सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गर्न सकिनेछ।"

२७. **मूल ऐनको दफा ५४ मा संशोधन** : मूल ऐनको दफा ५४ को सट्टा देहायको दफा ५४ राखिएको छ :-

"**५४. भेरिएसन आदेश** : (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्नेछ :-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धि सार्वजनिक निकायको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, र

(घ) पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएसन विभागीय प्रमुखले।

(२) भेरिएसन आदेश जारी गर्ने अधिकारीले विशेषज्ञहरूको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिफारिसको आधारमा भेरिएसन आदेश जारी गर्न सक्नेछ।”

२८. **<u>मूल ऐनको दफा ५५ मा संशोधन</u>** : मूल ऐनको दफा ५५ को उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय कारण, युद्ध, आपूर्ति शृङ्खलामा अवरोध, महामारी, नाकाबन्दी वा अन्य विशेष परिस्थितिका कारण निर्माण सामग्री, श्रम, इन्धन, उपकरण वा ढुवानी लागतमा अस्वाभाविक मूल्यवृद्धि भएको वा प्रचलित मूल्य समायोजन प्रणालीबाट त्यस्तो मूल्यवृद्धि समुचित रूपमा सम्बोधन हुन नसक्ने अवस्था सृजना भएमा सोको पुष्टि गरी सार्वजनिक निकायले नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत कार्यविधि अनुरूप विशेष मूल्य समायोजन गर्न सकिनेछ।

(१ख) उपदफा (१) बमोजिम विशेष मूल्य समायोजन गर्दा वास्तविक लागत वृद्धि, आयोजना कार्यान्वयनको निरन्तरता तथा सार्वजनिक हितलाई समेत विचार गर्नु पर्नेछ।"

२९. **<u>मूल ऐनमा दफा ५८क. थप</u>** : मूल ऐनको दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छ :-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"**५८क. सार्वजनिक निर्माण कार्यको निरन्तरता, सहजीकरण तथा जिम्मेवारी सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक निर्माण कार्यको कार्यान्वयनका लागि आवश्यक कार्यस्थल उपलब्ध गराउने, पहुँच मार्ग खुलाउने, निर्माण सामग्रीको आपूर्ति सहजीकरण गर्ने, वन क्षेत्र प्रयोग गर्न दिने, रुख हटाउने अनुमति, वातावरणीय स्वीकृति वा अन्य वैधानिक प्रक्रियासम्बन्धी सहजीकरण गर्ने, विद्युत, खानेपानी, ढल, दूरसञ्चार लगायतका सेवा तथा पूर्वाधार स्थानान्तरण गर्ने, यातायात तथा सुरक्षा व्यवस्थापन गर्ने र सम्बन्धित निकायबाट गर्नुपर्ने समन्वय तथा सहजीकरण समयमै सम्पन्न गर्ने दायित्व सङ्घ, प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायको हुनेछ।

(२) अदालत वा अधिकारप्राप्त निकायबाट अन्यथा आदेश भएकोमा बाहेक अन्तरनिकाय विवाद, सेवा तथा पूर्वाधार स्थानान्तरण, प्रशासनिक ढिलाइ वा अन्य समन्वयसम्बन्धी कारणले सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध गर्न पाइने छैन। सार्वजनिक निर्माण कार्य रोक्ने गरी अन्तरिम वा अन्य आदेश माग भएको अवस्थामा अदालत वा अधिकारप्राप्त निकायले

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

आयोजनाको निरन्तरता, सार्वजनिक सेवा प्रवाह तथा व्यापक सार्वजनिक हितलाई समेत ध्यानमा राख्नु पर्नेछ।

(३) खरिद सम्झौता प्राप्त गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक वा अन्य पक्षले खरिद सम्झौताबमोजिम कार्य गर्न सक्ने अवस्था हुँदाहुँदै बदनियतपूर्वक पेश्की परिचालन, सार्वजनिक निकायबाट प्राप्त भुक्तानी वा खरिद सम्झौता कार्यान्वयनका लागि उपलब्ध गराइएको रकम सम्झौताको उद्देश्य विपरीत प्रयोग गरेको, झूटा विवरण वा कागजात पेस गरी भुक्तानी लिएको, भुक्तानी प्राप्त गरेपछि पनि सोबमोजिम कार्य नगरी काम परित्याग गरेको, सम्झौताको गम्भीर उल्लङ्घन गरेको वा सार्वजनिक निकाय वा राज्यलाई हानि नोक्सानी पुर्‍याएको अनुसन्धान वा छानबिनबाट देखिएमा सो कार्यमा संलग्न सञ्चालक, प्रतिनिधि वा जिम्मेवार पदाधिकारीलाई ठगी वा कीर्ते लगायतको प्रचलित फौजदारी कानून बमोजिमको कसुर गरेको मानी कारबाही चलाइनेछ।

(४) कुनै पदाधिकारी वा सार्वजनिक निकायले कानूनबमोजिम वा आफ्नो

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अधिकारक्षेत्रभित्र गर्नुपर्ने निर्णय, स्वीकृति, सहमति, सिफारिस, समन्वय वा सहजीकरण समयमै नगरेको वा अनावश्यक ढिलाइ, लापरवाही, बदनियत वा कानून बमोजिमको दायित्व पालना नगरेको कारणबाट सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध भई राज्यलाई आर्थिक क्षति पुगेमा वा सार्वजनिक सेवामा प्रतिकूल असर परेमा त्यस्तो पदाधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न सकिनेछ र त्यस्तो सार्वजनिक निकायलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रोक्का गर्न सकिनेछ।"

३०. **<u>मूल ऐनको दफा ५९ मा संशोधन</u>** : मूल ऐनको दफा ५९ को,-

(१) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ :-

"(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै कार्यसम्पादन जमानत जफत हुनेछ। सो अवस्थामा सम्झौता बमोजिमको बाँकी कार्यसम्पन्न गर्न सार्वजनिक निकायले गरेको अद्यावधिक लागत अनुमानको आधारमा आउने

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

रकम र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट नै उक्त कार्यसम्पन्न हुँदा लाग्ने रकमको तुलनाका आधारमा सार्वजनिक निकायले ब्यहोर्नु पर्ने थप रकमको दायित्व यकिन गरी त्यसरी सम्झौता बमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट उक्त थप रकम सरकारी बाँकी सरह असुल गरिनेछ। त्यसरी सम्झौताको अन्त्य गरिएको अवस्थामा उक्त अद्यावधिक लागत अनुमान बमोजिमको बाँकी कार्य पूरा गर्न सार्वजनिक निकायले बोलपत्र आह्वान गर्न बाधा पर्नेछैन।”

(२) उपदफा (९) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरूको अगाडि "सम्झौता भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरू थपिएका छन्।

३१. **<u>मूल ऐनको दफा ६१क. मा संशोधन</u>** : मूल ऐनको दफा ६१क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) तालुक कार्यालय वा अख्तियारप्राप्त निकायले अनुगमन गर्दा देहायको अवस्था देखिएमा सम्बन्धित पदाधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियारप्राप्त अधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न हुने गरी खरिद सम्बन्धी कारबाही प्रारम्भ नगरेको वा तत्सम्बन्धमा आवश्यक निर्णय नगरेको,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेमा सो बमोजिम लेखी नपठाएको वा असुल वा जफत गर्नु पर्नेमा नगरेको,

(ग) खरिद सम्झौता कार्यान्वयनको चरणमा गर्नुपर्ने साइट तथा डिजाइन ड्रइङ उपलब्ध गराउने, भेरिएसन आदेश जारी गर्ने, अवधि थप गर्ने, पेस भएको बिलको भुक्तानी गर्ने लगायत सम्झौतामा उल्लिखित विषयका सम्बन्धमा आवश्यक निर्णय समयमा नगरेको,

(घ) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले गरेको दावीउपर सम्झौतामा निर्धारित समयभित्र निर्णय गरी जानकारी नदिएको तथा भुक्तानीका लागि कार्यालयमा दर्ता गरिएका बिल अभिलेख नराखी फिर्ता गरेको,

(ङ) कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेमा लेखी नपठाएको,

(च) दफा ६१ बमोजिमको आचरण पालना नगरेको,

(छ) बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा उल्लिखित मूल्याङ्कनका आधार विपरीत वा त्रुटिपूर्ण मूल्याङ्कन गरेको वा तोकिएको जिम्मेवारी पूरा नगरेको,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अन्य जिम्मेवारी पूरा नगरेको।"

**३२.** **<u>मूल ऐनमा दफा ६१ख. थप</u>** : मूल ऐनको दफा ६१क. पछि देहायको दफा ६१ख. थपिएको छ :-

"**६१ख.** **<u>कर्मचारीलाई प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सक्ने</u>** : राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना वा नेपाल सरकारले तोके बमोजिमका खरिद सम्बन्धी कार्य सम्झौतामा तोकिएको सुरु अवधि अगावै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ट नतिजाप्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न तोकिए बमोजिमका कर्मचारीलाई दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले तोके बमोजिम प्रोत्साहन, बोनस र अन्य सुविधा दिन सक्नेछ ।"

३३. **<u>मूल ऐनमा दफा ६२क थप</u>** : मूल ऐनको दफा ६२ पछि देहायको दफा ६२क थपिएको छः-

"६२क. **<u>निर्माण व्यवसायीलाई पुरस्कार, बोनस तथा प्रशंसा पत्र प्रदान गर्न सक्ने</u>** : राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना वा नेपाल सरकारले तोके बमोजिमका अन्य विशेष महत्वका आयोजना सम्बन्धी खरिद तथा निर्माण कार्य सम्झौतामा तोकिएको सुरु अवधि अगावै गुणस्तरीय रुपमा सम्पन्न गरी उत्कृष्ट कार्यसम्पादन गर्ने निर्माण व्यवसायीलाई दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले तोकेबमोजिम पुरस्कार, प्रोत्साहन, बोनस, प्रशंसा पत्र वा अन्य सुविधा प्रदान गर्न सक्नेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३४. **<u>मूल ऐनको दफा ६३ मा संशोधन</u>** : मूल ऐनको दफा ६३ को,-

(१) दफा शीर्षकमा रहेका "र फुकुवा गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (१) मा रहेको "प्रस्तावदाता," भन्ने शब्द पछि "सिलबन्दी दरभाउपत्रदाता," भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (१) को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,

(क२) दफा २३ को उपदफा (४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ दिँदा मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,"

(४) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) दफा २७, ३८ वा ४० बमोजिम स्वीकृतिको लागि छनोट भएका बोलपत्रदाता वा प्रस्तावदाता वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिलबन्दी दरभाउपत्रदाता खरिद सम्झौता गर्न नआएमा,"

(५) उपदफा (२) मा रहेको "प्रस्तावदाता," भन्ने शब्द पछि "सिलबन्दी दरभाउपत्रदाता," भन्ने शब्दहरू थपिएका छन्।

(६) उपदफा (६) झिकिएको छ।

**३५. <u>मूल ऐनको दफा ६५ मा संशोधन</u>** : मूल ऐनको दफा ६५ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) टर्न की, ई.पी.सी (इन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, संरचनात्मक वा एकाई दर सम्झौता र निर्मित संरचनाको सञ्चालन तथा व्यवस्थापनका लागि गरिने सम्झौताका लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन जारी गर्ने।"

(२) खण्ड (ग) मा रहेका "तयार गर्ने" भन्ने शब्दहरूको सट्टा "जारी गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) खण्ड (घ१) झिकिएको छ।

(४) खण्ड (घ३) पछि देहायको खण्ड (घ४) थपिएको छ :-

"(घ४) सरकारी ई-मार्केटप्लेससँग सम्बन्धित प्रणालीको विकास तथा सञ्चालन गर्ने,"

(५) खण्ड (ठ१) को सट्टा देहायको खण्ड (ठ१) राखिएको छ :-

"(ठ१) खरिद विज्ञ र खरिदसम्बन्धी तालिम दिने व्यक्ति वा संस्थाको प्रमाणीकरण गर्ने,"

३६. **<u>मूल ऐनमा दफा ६६क र ६६ख थप</u>** : मूल ऐनको दफा ६६ पछि देहायका दफा ६६क र ६६ख थपिएका छन् :-

"**६६क. <u>ई.पी.सी. (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की र संरचनात्मक सम्झौतासम्बन्धी विशेष व्यवस्था</u>** : (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिमको जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने आयोजनाहरूको लागि सार्वजनिक निकायले तोकिए बमोजिमको अधिकारीबाट स्वीकृति लिई ई.पी.सी. (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कन्स्ट्रक्सन), डिजाइन र निर्माण वा टर्न की सम्झौता गर्न सक्नेछ।

(२) सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र सर्तबमोजिम एक वा एकभन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि संरचनात्मक सम्झौताका माध्यमबाट खरिद गर्न सक्नेछ।

(३) ई.पी.सी. (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की, संरचनात्मक वा एकाई दर सम्झौतासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

"६६ख. **<u>सरकारी खरिद सेवा कार्यालय</u>** : (१) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायलाई आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा प्राविधिक सहयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक सरकारी खरिद सेवा कार्यालय रहनेछ।

(२) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायले

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

माग गरेमा उपदफा (१) बमोजिमको कार्यालयले देहायका विषयमा प्राविधिक सहयोग उपलब्ध गराउने कार्य गर्नेछ :-

(क) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरूलाई संरचनात्मक सम्झौताको माध्यमबाट आवश्यकतानुसार मालसामान वा अन्य सेवा खरिद गर्न सहयोग गर्ने,

(ख) खरिद मागको विश्लेषण गरी मालसामानको खरिदको विवरण (स्पेसिफिकेशन), लागत अनुमान तयार तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्ने।

(३) उपदफा (१) बमोजिमको सरकारी खरिद सेवा कार्यालयले संरचनात्मक सम्झौता गरेका आपूर्तिकर्ता वा सेवाप्रदायकसँग दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरूले आवश्यकतानुसार खरिद सम्झौता गरी मालसामान वा सेवा खरिद गर्न सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपदफा (१) बमोजिमको सरकारी खरिद सेवा कार्यालयले प्रदान गर्ने सरकारी खरिद सेवा सञ्चालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै खरिद निर्देशिका जारी गर्नु पर्नेछ।"

३७. **<u>मूल ऐनको दफा ६७ मा संशोधन</u>** : मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (घ) मा रहेको "महोत्सव," भन्ने शब्द पछि "विज्ञापन," भन्ने शब्द तथा "जस्ता कार्यको" भन्ने शब्दहरू पछि "तथा विदेशमा गरिने मालसामान वा अन्य सेवा खरिदको" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन् :-

"(ङ) विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा विदेशमा कार्यालय भएका अन्य सार्वजनिक निकायले मालसामान वा निर्माण कार्य, परामर्श सेवा, अन्य सेवा वा चल अचल सम्पत्ति खरिद गर्नु परेमा,

(च) विमान सेवा सञ्चालन गर्न स्वीकृति प्राप्त सार्वजनिक



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निकायले विमान, एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा वा भाडामा लिनु परेमा,"

(ग) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) पूर्वाधार कम्पनीले जिम्मा पाएको निर्माण कार्य गर्दा आवश्यक पर्ने निर्माण सामग्री खरिद तथा मेशिन उपकरणहरू भाडामा लिने सम्बन्धी कार्य गर्दा,"

(२) उपदफा (३) मा रहेका "(ङ) र (च)" भन्ने शब्दहरूको सट्टा "(ङ), (च) र (च१)" भन्ने शब्दहरू राखिएका छन्।

३८. **<u>मूल ऐनको दफा ७४ मा संशोधन</u>** : मूल ऐनको दफा ७४ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय वा कुनै निकायबाट हुने कुनै काम वा निर्णय गर्न यस ऐनमा कुनै निकाय वा पदाधिकारी तोकिएकोमा प्रदेश सरकार र स्थानीय तहबाट त्यस्तो

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

काम वा निर्णय गर्नको लागि प्रदेश सरकार र स्थानीय तहले सम्बन्धित तहको निकाय वा पदाधिकारी तोक्ने गरी व्यवस्था गर्नु पर्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय